नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-७० दायर मितिः-२०८१/०५/०९**

**फैसला मितिः-२०८१/०५/२७**

| वादी | प्रतिवादी |
|---|---|
| गिता देवीको जाहेरीले | जिल्ला पर्सा बी.म.न.पा.वडा नं.२५ बस्ने बैजनाथ प्रसाद गुप्ताको |
| नेपाल सरकार..........................१ | छोरा बर्ष ४४ को जयराम प्रसाद गुप्ता........१ |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले जाहेरवाली श्रीमतीसमेतलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।

२. प्रतिवादीले जाहेरवाली श्रीमतीसमेतलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. मैले जाहेरवाली श्रीमतीसमेतलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

४. जाहेरवाली श्रीमतीसमेतलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका संजय प्रसाद कुर्मी समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।

७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा मिति २०८१।४।२१ गते अ.२१:०० बजेको समयमा जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.२५ स्थित विपक्षी जयराम प्रसाद गुप्ताले मादक पदार्थ सेवन गरी आई म जाहेरवाली समेतलाई बिभिन्न अपशब्द प्रयोग गरी गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी जयराम प्रसाद गुप्तालाई कैद दिन २०, जरिवाना रु.५०००/- अक्षेरपी पाँच हजार मात्र र क्षतिपूर्ती शुल्क रु.२००/- ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी जयराम प्रसाद गुप्तालाई ठहरेको कैद दिन २० को हकमा निज मिति २०८१/०४/२१ देखि २०८१/०५/०८ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवाना तथा क्षतिपूर्ती शुल्कको हकमा र.नं.४५/२०८१/०५/०९ बाट दाखिला गरेको धरौटी रकम रु.५२००/- बाट जरिवाना रकम रु.५०००/- र क्षतिपूर्ती शुल्क रु.२००/- कट्टी गर्नु -------------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ भाद्र महिना २७ गते विहीवार रोज ५/ ने.सं. ११४४ अंलाथ्व नवमी, शुभम् .......